दर्ता नं. ३९१८/२०६८/६९

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

## TRIPHALA SAVING & CREDIT CO-OPERATIVE LTD.

गोंगबु, काठमाडौं फोन नं.:०१-४९५०३३३ Email:ourtriphala@gmail.com
www.triphalacooperative.com

# १५औं वार्षिक साधारण सभा–२०८३

आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन

मिति : २०८३।०६।२५ गते

चलानी नं. १५/२०८३/८४

मिति २०८३।०५।२१ गते

# १५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

आदरणीय शेयर सदस्य महानुभावहरु,

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**को मिति २०८३ साल भाद्र १३ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि यस संस्थाको **१५औं वार्षिक साधारण सभा** निम्न स्थान, मिति र समयमा बस्ने भएको हुँदा संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिकालागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**

मिति : २०८३ असोज २५ गते, आईतबार

समय : बिहान ०९:०० बजे देखि

स्थान : गोधुली फुडल्याण्ड एण्ड ईभेन्ट, प्रयास मार्ग, काठमाडौं ।

**छलफलका विषयहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८३/८४ को कार्यक्रम तथा बजेट सम्बन्धमा ।
३. आ.व. २०८२/८३ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८३/८४ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।
५. आ.व. २०८२/८३ मा संचालक समितिको निर्णयले भए गरेका कार्यहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. शेयर लाभांश,संरक्षित पूँजी फिर्ता कोष,कर्मचारी बोनस र अन्य कोषहरु बाँडफाँड तथा वितरण सम्बन्धमा ।
७. निर्णय पुस्तिकामा हस्ताक्षर र प्रमाणित गर्नका लागि प्रतिनिधि चयनगर्ने सम्बन्धमा ।
८. विविध ।
९.संचालक समिति र लेखा समिति चयन गर्ने सम्बन्धमा ।

संचालक समितिको आज्ञाले
सचिव
त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु, काठमाडौं ।

१५औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष **२०८२/८३ को**

# वार्षिक प्रतिवेदन

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

सहकारीको मुल्य, मान्यता, र मर्म अनुरुप १५ बर्ष अगाडि हाम्रा सदस्यहरुको अगुवाईमा सम्बन्धित निकायमा विधिवत् दर्ता गरी कार्यारम्भ गरिएको **त्रिफला बचत तथा ऋण सहकारी संस्था लि**.को १५औं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै गर्दा यहाँहरु प्रति आभार र कृतज्ञता ब्यक्त गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्यमहानुभावहरु,**

**"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले आफ्नो आर्थिक लक्ष्य प्राप्तिका लागि आफ्ना हरेक आर्थिक तथा सामाजिक गतिविधिहरुमा शेयर सदस्यज्यूहरुलाई प्रत्यक्ष वा परोक्षरुपमा सहभागी गराउदै आएको व्यहोरा पुनः अवगत गराउन चाहन्छु ।

अतः **त्रिफला बचत तथा ऋण सहकारी संस्था लि**.ले आफ्नो प्रारम्भ देखि हालसम्म हासिल गरेका आर्थिक गतिविधिका वित्तीय झलकहरु कोषाध्यक्षज्यूको प्रतिवेदनमा समावेश गरिएको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

**आदरणीय शेयर सदस्यमहानुभावहरु,**

अहिलेको बिषम अवस्थामा पनि हाम्रो **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले सम्बन्धित ऐन, नीति र नियमहरुको अधिनमा रही आयकर पछिको नाफा मध्ये जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, घाटा पूर्ति कोष, सामुदायिक विकास कोष र जोखिम व्यवस्थापन कोषहरुमा ऐन, नीति र नियम बमोजिम रकम बाँडफाँड गरेर पनि शेयर लाभांश कोषमा समुचित रकम छुट्याउन सफल भएका छौ । तसर्थ यो लाभांश रकम समय सापेक्ष न्यायोचित भएको कुरा सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरु**

**"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले आफ्ना शेयर सदस्यहरुको अधिकतम हितलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक आर्थिक समाजको आवश्यकताको आधारमा हामीले लागू गरेका कार्यक्रम एवं उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

१. संस्थाका सम्पूर्ण कारोबारहरु सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि बमोजिम कार्यान्वयन गरिएको छ ।

२. विगतदेखि अवलम्बन गरिदै आएको आधुनिक प्रविधिलाई आत्मसात गर्दै आधुनिक लेखा सफ्टवेयर माइको बैंकरको माध्यममा संस्थाको लेखा राख्ने गरिएको छ ।

३. शेयर प्रमाणपत्र तथा आवधिक बचत प्रमाणपत्रहरु व्यवस्थित तवरले माइको बैंकरको शेयर व्यवस्थापन सफ्टवेयरको माध्यमबाट वितरण गर्ने गरिएको छ ।

४. आफ्नो बचतको सुनिश्चिततताको लागी मौज्दात रकम सहितको मोबाईल एलर्ट सेवा उपलब्ध गराइएको छ ।

५. **त्रिफला बचत तथा ऋण सहकारी संस्था**को website www.triphalacooperative.com को माध्यमबाट संस्थाको सम्पूर्ण विवरण तथा आवधिक सूचनाहरु अपलोड गरी **"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**का शेयर सदस्यहरुको सुचनाको हकलाई सर्वसुलभ एवं पहुँचयोग्य बनाइएको छ ।

६. संस्थालाई चाहिने कार्यालय सामग्रीहरु आवश्यकता अनुसार थप गर्दै संस्थाको कारोबारलाई प्रविधिमैत्री तथा समय सापेक्ष आधुनिकीकरण गर्दै लगिएको छ ।

७. सदस्यहरुले नियमित बचत गर्ने बानीको विकास प्रभावकारी रुपमा अघि बढिरहेको छ ।

८. साना बाल-बालिका द्वारा बिना आवश्यकता खर्च भएर जाने स-सानो रकमलाई लक्षित गरी सञ्चालन गरिएको "बाल भविष्य बचत योजना" र "खुत्रुके बचत योजना", अत्यन्तै प्रभावकारी भएको छ । जसका कारण सदस्यहरुको बचतमा बृद्धि भएको छ भने संस्थाको वित्तीय कारोबारमा पनि टेवा पुगेको छ

९. सदस्यहरुको दैनिकी सहज बनाउने उद्देश्यले सवारी साधन तथा चल अचल सम्पत्तिको बीमा, स्थानीय करहरु, सवारी कर, बिजुली, पानी, टेलिफोन, ईन्टरनेट, टिभी तथा मोबाइलको महशुल भुक्तान गर्ने, आवश्यकता अनुसार बैंकमा पैसा जम्मा गरिदिने, चेक साटीदिने जस्ता कार्यहरु निःशुल्क गरिदै आएकोमा सो कार्यलाई अझ प्रभावकारी ढङ्गबाट निरन्तरता दिइएको छ ।

१०. सदस्यहरुको बैंक खाता, डिम्याट खाता, मेरो शेयर खाता खोल्ने, तथा बार्षिक रुपमा नविकरण गर्ने, विभिन्न कम्पनीले निष्कासन गरेका साधारण तथा हकप्रद शेयरहरुको आवेदन फाराम भर्ने तथा अद्यावधिक गर्ने लगायतका कार्यमा हाम्रो कर्मचारीहरु मार्फत सदस्यहरुलाई आवश्यक सहयोग गर्ने गरिएको छ ।

**संस्थाका भावी कार्ययोजनाहरु :**

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

१. शेयर पुंजी सम्बन्धमा :

संस्थालाई थप मजबुद बनाउन आवस्यकता अनुसार नियमित बचतलाई शेयर पूंजीमा वृद्धि गर्दै लगिएको र आवस्यकता अनुसार थप गर्ने लक्ष्य लिइएको छ ।

२. बचत रकम संकलन सम्बन्धमा :

संस्थाको आर्थिक मेरुदण्डको रुपमा मानिने बचत रकमलाई नियमित बचतको माध्यमबाट नियम अनुसार मात्र क्रमशः वृद्धि गर्दै लगिएको र आवस्यकता अनुसार थप गर्दै लैजाने लक्ष्य लिइएको छ ।

३. कर्जा प्रवाह सम्बन्धमा :

सदस्यहरुको आवश्यकता पुरा गर्नको लागि व्यक्तिगत/सामुहिक जमानी तथा सुरक्षित खालका धितोहरु लिई उत्पादनमुलक, शिक्षामुलक, सेवामुलक एवं रोजगारमुलक ठाउँको खोजी गरी आवश्यक कर्जा प्रवाहमा बृद्धि गर्ने लक्ष्य लिइएको छ ।

४. संस्थाको नाफा/नोक्सान सम्बन्धमा :

संस्थाले आगामी बर्षमा संस्थागत विकास तथा सदस्यहरुको वैयक्तिक जीवनसंग प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने क्षेत्रको विकासका लागि शेयर सदस्य महानुभावहरुलाई उत्कृष्ट प्रतिफल प्रदान गर्ने लक्ष्य लिएको छ । माथि उल्लेखित संस्थाका लक्ष्यहरु प्राप्तिका लागी आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरुको सदैव पूर्ण सहयोग, सक्रिय सहभागिता र सद्भाव रहने कुरामा हामी विश्वस्त छौं ।

५. अन्य :

**"त्रिफला बचत तथा ऋण सहकारी संस्था लि."**ले आफ्ना आर्थिक क्रियाकलापलाई प्रभावकारी बनाउदै सदस्यहरुको वैयक्तिक हितलाई मध्यनजर गर्दै नेपाल सरकार र नेपाल राष्ट्र बैंकको आर्थिक नीति, सहकारी विभाग र सहकारी प्राधिकरणले जारी गरेका निर्देशन, सहकारी ऐन, सहकारी नियमावली र स्थानिय सहकारी कार्यविधि को परिधिभित्र रहेर समकक्षी वित्तीय बजारसंग प्रतिस्पर्धा गर्दै संस्था र शेयर सदस्यहरुको आवश्यकता अनुसार आर्थिक कार्यक्रमहरु सन्चालन गर्दै आएको छ ।

अन्त्यमा, मेरो अध्यक्षताको संचालक समितिमा रहेर सक्रिय भुमिका निर्वाह गर्नु हुने संचालक समितिका पदाधिकारीहरु एवम्, लेखा समिति, ऋण उप-समिति, शिक्षा उप-समिति लगायत विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, सम्पूर्ण कर्मचारी वर्ग र आफ्नो अत्यन्त व्यस्तताका बावजुद पनि अमूल्य समय प्रदान गरी आजको यस १५औं वार्षिक साधारण सभामा प्रत्यक्ष उपस्थित भएर वा विद्युतिय माध्यमबाट परोक्षरुपमा सहभागी भई साधारण सभालाई सफल बनाउन महत्वपूर्ण भुमिका निर्वाह गरिरहनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आगामी दिनमा यहाँहरुबाट अझ बढी सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दै अध्यक्षको हैसियतले संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पुनः धन्यवाद टक्रयाउन चाहन्छु ।

साथै आज नेपालीहरुको महान चाड दशैंको प्रारम्भको दिनमा यो कार्यक्रम गरी रहँदा  विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै हाम्रा समस्त शेयर सदस्यज्यूहरुको उत्तरोत्तर प्रगतिको कामना सहित मेरो वार्षिक प्रतिवेदन यहि बिट मार्ने अनुमति चाहन्छु ।

धन्यवाद ।    जय सहकारी !!

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु, काठमाडौं ।

१५औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष **२०८३/८४** को

## अनुमानित वार्षिक बजेट

**"आजको सानो बचतले नै, गरौं भविष्य सुनिश्चित"** भन्ने पवित्र उद्देश्यका साथ स्थापना गरिएको **त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**ले १५ वर्ष लामो यात्रा पुरा गरी सकेको कुरा सर्वबिदितै छ ।

अत: यस १५औं वार्षिक साधारण सभा समक्ष अनुमानित वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

**आदरणीय शेयर सदस्यमहानुभावहरु,**

यस कार्यमा तन मन धनले सहयोग गर्नुहुने सम्पुर्ण सदस्यज्यूहरु प्रति आभार ब्यक्त गर्दै आगामी वर्षको लागि संक्षिप्तमा अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु ।

| विवरण | २०८२/८३ सालको अवस्था | २०८३.८४ सालको लक्ष्य |
|---|---|---|
| शेयर पुंजी | ६६,१३,०००।- | ७०,०००००।- |
| बचत निक्षेप | ६,९६,७४,२९०।- | ९,००,०००००।- |
| ऋण लगानी | ६,२६,२२,१९४।- | ९,००,०००००।- |
| ब्याज आम्दानी | ६८,४१,०००।- | ९०,००,०००।- |
| संचालन खर्च | २६,५८,९९१।- | २०,००,०००।- |
| शेयर लाभान्स | ५,७७,०००।- | १०,५०,०००।- |

माथि उल्लेखित संस्थाका लक्ष्यहरु प्राप्तिका लागि सम्पुर्ण शेयर सदस्यज्यूहरुको सहयोगको आवश्यकता पर्ने हुँदा पुर्ण सहयोग र सक्रिय सहभागिताका लागि अनुरोध गर्दछु ।

साथै आउँदै गरेको नेपालीहरुको महान चाड बिजया दशमी, शुभ दिपावली, नेपाल सम्बत तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै बिदा हुन्छु ।

धन्यवाद

जय सहकारी

## संस्थाको विगत १५ वर्षको मुख्य वित्तीय झलकहरु :

| विवरण | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 |
|---|---|---|---|---|---|
| शेयर पुंजी | 12,46,000 | 17,22,700 | 32,66,000 | 33,65,000 | 38,95,300 |
| जगेडा तथा अन्य कोष | – | – | – | – | 70947 |
| क्रमिक बचत | 15,725 | 37,541 | 2,31,398 | 7,74,066 | 9,12,039 |
| बाल भबिष्य बचत | - | - | - | - | - |
| बचत निक्षेप हिसाब | 12,04,038 | 49,31,213 | 78,18,291 | 1,06,91,838 | 1,20,55,792 |
| कर्जा लगानी | 8,38,594 | 49,71,687 | 84,28,932 | 86,77,755 | 1,28,72,066 |
| नाफा वा नोक्सान | -2,35,142 | -4,13,724 | 1,48,010 | 1,51,322 | 3,73,495 |
| आयकर | – | – | – | – | 11,546 |
| सदस्य संख्या | 50 | 392 | 570 | 581 | 632 |

| विवरण | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 |
|---|---|---|---|---|---|
| शेयर पुंजी | 46,36,500 | 48,98,000 | 54,70,000 | 52,83,000 | 49,66,000 |
| जगेडा तथा अन्य कोष | 9,05,420 | 15,52,342 | 21,30,000 | 20,48,431 | 33,65,240 |
| क्रमिक बचत | 16,12,890 | 45,29,958 | 58,79,292 | 96,37,799 | 1,41,08,764 |
| बाल भबिष्य बचत | - | 9,17,337 | 11,09,377 | 14,06,096 | 17,15,225 |
| बचत निक्षेप हिसाब | 1,88,04,012 | 2,84,65,233 | 4,68,41,284 | 4,33,14,096 | 5,04,68,879 |
| कर्जा लगानी | 2,04,93,414 | 2,96,15,222 | 4,14,60,534 | 3,59,13,549 | 4,87,54,451 |
| नाफा वा नोक्सान | 9,40,517 | 15,12,959 | 13,71,771 | 8,10,620 | 18,17,935 |
| आयकर | 1,86,949 | 3,03,171 | 66,342 | 29,134 | 46,763 |
| सदस्य संख्या | 643 | 315 | 361 | 375 | 406 |

| विवरण | 2078/79 | 2079/80 | 2080/81 | 2081/82 | 2082/83 |
|---|---|---|---|---|---|
| शेयर पुंजी | 58,14,000 | 62,79,000 | 66,10,000 | 65,88,000 | 66,13,000 |
| जगेडा तथा अन्य कोष | 37,15,775 | 40,63,221 | 52,24,761 | 45,73,027 | 57,27,543 |
| क्रमिक बचत | 1,87,63,345 | 2,46,22,145 | 2,81,55,463 | 3,06,01,812 | 3,15,16,612 |
| बाल भबिष्य बचत | 21,49,838 | 26,57,386 | 31,70,053 | 36,42,714 | 38,25,356 |
| बचत निक्षेप हिसाब | 5,18,19,483 | 6,50,48,982 | 7,38,00,178 | 7,39,81,354 | 6,96,74,290 |
| कर्जा लगानी | 5,33,00,567 | 6,82,61,329 | 7,28,29,911 | 7,69,16,483 | 6,26,22,194 |
| नाफा वा नोक्सान | 13,37,615 | 11,09,096 | 20,89,090 | 3,42,587 | 16,20,977 |
| आयकर | 66,410 | 54,951 | 2,08,909 | 29,956 | 1,53,406 |
| सदस्य संख्या | 397 | 378 | 363 | 319 | 298 |

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

टोखा नगरपालिका - १०, गोंगबु, , काठमाण्डौ

## लेखापरीक्षण प्रतिवेदन

**आर्थिक वर्ष: २०८२/८३**


**लेखापरीक्षक :**

**न्हुच्छे लाल प्रधान**

**एन.एल.पि. एण्ड एसोसिएट्स्**

रजिष्टर्ड अडिटर्स

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

शेयर सदस्य महानुभावहरु,

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

टोखा नगरपालिका - १०, गोंगबु, , काठमाण्डौ

### आ.व. २०८२/८३ को लेखापरीक्षणको प्रतिवेदन

हामीले **त्रिफला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** वित्तीय विवरण, जसले २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण तथा वित्तीय विवरणहरुसँग सम्वन्धित प्रमुख लेखा नीतिहरु र लेखा सम्वन्धि टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### हाम्रो राय

हाम्रो रायमा संलग्न वित्तीय विवरणले लघु संस्थाहरुका लागि वित्तीय प्रतिवेदन मान (NAS for MEs) अनुसार आषाढ ३२, २०८३ को वित्तीय अवस्थाको र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा तथा नगद प्रवाहको सारभूत रुपमा उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

### रायको आधार

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्वन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालनका लागि आचार संहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस सस्थाबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपर्युक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### मुख्य लेखापरीक्षण व्यहोराहरु

मुख्य लेखापरीक्षण व्यहोराहरू ती विषयहरू हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसँग सबैभन्दा महत्त्वपूर्ण थिए । यी व्यहोराहरुको सम्वोधन सम्पुर्ण वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले कैफियत सहितको रायको आधारमा उल्लेखित विवरण बाहेक तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| सुचना प्रविधि प्रणाली | लेखापरीक्षकको सम्बोधन |
|---|---|
| संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र | हामीले नमूनाको आधारमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको जाँच गर्यौं । |

| | |
|---|---|
| कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोटिङ हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | साथै हामीले भाका नाघेका ऋण लगानीको रिपोर्ट पनि जाँच गर्यौं ।<br>हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । |

**अन्य जानकारी**

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरण सँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं । वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरु सँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्यकुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभतू रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनु पर्ने कुनै तथ्यहरु छैन ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा हामीले त्यस्तो तथ्यहरुको बारेमा शासकीय भूमिका बहन गर्नेहरु समक्ष सूचित गर्नु आवश्यक छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी**

प्रचलित वित्तीय प्रतिवेदन ढाँचा वमोजिम वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहितको हुन निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा, सस्थाको अविच्छिन्न रुपमा जारि रहनसक्ने क्षमताको मुल्यांकन गर्ने, लागु भएमा, अविच्छिन्नता सम्बन्धि कुराहरुको, खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्नता आधारको लेखाको प्रयोग गर्न व्यवस्थापन जिम्मेवार छ । शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

**वित्तीय विवरणको लेखापरिक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

यस क्रममा, हामीले :

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षण सँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौँ, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौँ । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौँ ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौँ । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौँ । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेयवार रहन्छौँ ।

हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रता सगँ सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौँ ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरु सम्बन्धी प्रतिवेदन**

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टिकरणहरू उपलब्ध भएको छन् ।

Associates * "B" Auditor Regd. C.O.P. NO.: 383

२. हाम्रो रायमा यस प्रतिवेदन संग सम्बन्धित वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण, स्वामित्व अंशमा भएको परिवर्तनको विवरण तथा संलग्न अनुसुचिहरु संस्थाले राखेको हिसाब, किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

३. लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

४. हामीले लेखापरीक्षणको क्रममा प्राप्त कैफियतहरुलाई प्रारम्भिक प्रतिवेदन (व्यवस्थापन पत्र) मार्फत व्यवस्थापनमा जानकारी गराएका छौं ।

५. शेयर सदस्य बनाउँदा कार्यक्षेत्र बाहिरको नागरिकता भएका सदस्य (अस्थाई बसोबास गर्ने) को हकमा, कार्यक्षेत्र भित्र बसोबास गरिरहेको प्रमाणित हुने कागजातहरु पूर्णरुपमा अधावधिक गरिनुपर्ने देखिन्छ । साथै सम्पत्ति शुद्धिकरण सम्वन्धि ऐन तथा नियम बमोजिम सबै सदस्यहरुको सदस्यता पहिचान फारम अधावधिक गरिनुपर्ने देखिन्छ ।

६. संस्थाको वित्तिय कारोवारको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) को अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

७. संस्थाले कर्जा लगानी गर्दा जमानीमा र धितो राखी लगानी गरेको तर लगानी गर्दा सदस्यहरुको आय व्ययको यथार्थ विवरण संकलन गरि सदस्यको कर्जा फिर्ता गर्न सक्ने सम्भावनालाई विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

८. सहकारी प्रवर्धन कोषमा गत बर्षहरुमा विनियोजन गरिएको रकम सहकारी प्रवर्धन कोषको खातामा समयमा नै दाखिला गर्नुपर्ने देखिन्छ ।

९. व्यापार तथा उत्पादनमुलक ऋणमा परियोजना खुल्ने आवश्यक कागजातहरु अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

१०. प्रवाह भएको ऋणहरुको सदुपयोगिता सम्वन्धमा संचालक समितिबाट निरिक्षण तथा अनुगमन गरिनुपर्ने देखिन्छ ।

न्हुच्छे लाल प्रधान
एन.एल.पि. एण्ड एसोसिएटस्
रजिष्टर्ड अडिटर्स

स्थान :काठमाण्डौ, नेपाल

मिति :२०८३।०५।२३

UDIN: 260908RA07450brK8K

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

**वित्तीय अवस्थाको विवरण (वासलात)**

आषाढ ३२, २०८३ को

"रकम रु. मा"

| विवरण | टिप्पणी नं | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|---|
| **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| नगद तथा नगद समान | ४.१ | १९,३७१,८९६ | ७,८९३,३८२ |
| अन्य सम्पत्ति हिसाब | ४.२ | ४१,१५२ | ५८५,३११ |
| आयकर सम्पत्ति | ४.३ | १२९,४५७ | ९४,३३७ |
| सदस्यहरुलाई ऋण लगानी | ४.४ | ६१,९९५,९७२ | ७६,१४७,३१८ |
| शेयर धितोपत्रमा लगानी | ४.५ | ५०,००० | ५०,००० |
| अमुर्त सम्पत्ति | ४.६ | ३०,३७५ | ४४,००६ |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | ४.७ | ७२०,२३७ | ५०१,१११ |
| **जम्मा** | | **८२,३३९,०८८** | **८५,३१५,४६५** |
| **पूँजी तथा दायित्व हिसाब** | | | |
| **दायित्व हिसाब** | | | |
| सदस्यको निक्षेप बचत | ४.८ | ६९,६७४,२९० | ७३,९८१,३५४ |
| अन्य दायित्व | ४.९ | ३२४,२५६ | १७३,०८४ |
| **जम्मा** | | **६९,९९८,५४५** | **७४,१५४,४३८** |
| **पूँजी हिसाब** | | | |
| शेयर पूँजी | ४.१० | ६,६१३,००० | ६,५८८,००० |
| जगेडा कोष | ४.११ | ४,५७८,९६९ | ४,१४९,८६८ |
| अन्य कोषहरु | ४.११ | १,१४८,५७४ | ४२३,१५९ |
| **जम्मा** | | **१२,३४०,५४३** | **११,१६१,०२७** |
| **जम्मा** | | **८२,३३९,०८८** | **८५,३१५,४६५** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

रवि प्रसाद सिग्देल
अध्यक्ष

चिन्तामणी तिमिल्सीना
कोषाध्यक्ष

बिष्णु नेपाल
सचिव

उषा कुमारी
व्यवस्थापक

न्हुच्छे लाल प्रधान
एन.एल.पि. एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

मिति:२०८३/०४/०९
स्थान: काठमाडौं

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

## आय विवरण (नाफा नोक्सान हिसाब)

मिति २०८२.०४.०१ देखि मिति २०८३.०३.३२ सम्मको

"रकम रु. मा"

| विवरण | टिप्पणी नं | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१२ | ६,८४१,००० | ८,३७४,२३६ |
| ब्याज खर्च | ४.१३ | (३,०६०,३०८) | (५,६०६,००७) |
| **खुद ब्याज आम्दानी** | | **३,७८०,६९२** | **२,७६८,२२९** |
| बैंक ब्याज आम्दानी | ४.१२ | १४१,९९८ | ९४,८१७ |
| अन्य आम्दानी | ४.१४ | ३५७,२७८ | ३४७,१०९ |
| **कुल सञ्चालन आम्दानी** | | **४,२७९,९६९** | **३,२१०,१५५** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.१५ | १,५३३,५२५ | १,३४४,१६७ |
| कार्यालय सञ्चालन खर्च | ४.१६ | १,११२,७४८ | १,३५२,६५६ |
| मर्मत तथा सम्भार खर्च | | - | ८,६०० |
| ह्रासकट्टी खर्च | ४.६ | १५५,६६१ | १२१,३५२ |
| ऋण नोक्सानी व्यवस्था खर्च/(फिर्ता) | | (१४२,९४३) | ४०,७९३ |
| **जम्मा खर्च** | | **२,६५८,९९१** | **२,८६७,५६८** |
| **आयकर व्यवस्था अघिको बचत वा (नोक्सान)** | | **१,६२०,९७७** | **३४२,५८७** |
| कर खर्च | | (१५३,४०६) | (२९,९५६) |
| **आयकर पछिको खुद नाफा वा (नोक्सान)** | | **१,४६७,५७१** | **३१२,६३१** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

रवि प्रसाद सिग्देल
अध्यक्ष

चिन्तामणी तिमिल्सीना
कोषाध्यक्ष

विष्णु नेपाल
सचिव

उषा कुमारी
व्यवस्थापक

न्हुछेलाल प्रधान
एन.एल.पि. एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

मिति:२०८३/०४/०९
स्थान: काठमाडौं

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

### नगद प्रबाह विवरण

आषाढ ३२, २०८३ को

रकम रु. मा"

| विवरण | टिप्पणी नं | २०८२.०३.३२ को |
|---|---|---|
| **(क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | १,४६७,५७१.३४ | ३१२,६३०.८२ |
| ह्रास कट्टी तथा अपलेखन | १५५,६६०.५६ | १२१,३५१.७८ |
| पाउनुपर्ने हिसाबमा (थप) वा घट | ५०९,०३९.९७ | १०७,७१७.७४ |
| निक्षेपमा (ह्रास) बृद्धी | (४,३०७,०६४.६४) | १८१,१७६.५४ |
| कर्जा सापटमा (बृद्धी) ह्रास | १४,१५१,३४६.५९ | (४,०४५,७७८.९७) |
| अन्य दायित्वमा (ह्रस) बृद्धी | १५१,१७२.०४ | (४३,७०२.८८) |
| अन्य कोषहरुमा बृद्धी (ह्रस) | (६,०००.००) | २,५३०.०० |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | १२,१२१,७२५.८६ | (३,३६४,०७४.९७) |
| **(ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानीमा (बृद्धी) ह्रास | - | - |
| स्थिर सम्पत्ति बिक्रि (खरिद) | (३६१,१५५.७२) | (२४३,४००.००) |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | (३६१,१५५.७२) | (२४३,४००.००) |
| **(ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुंजिमा बृद्धी | २५,०००.०० | (२२,०००.००) |
| संरक्षित पूँजि फिर्ता कोष भुक्तानी | (६२,८६३.७८) | (३५३,०००.००) |
| लाभांस भुक्तानी | (२४४,१९१.७१) | (६५१,८१४.७९) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | (२८२,०५५.४९) | (१,०२६,८१४.७९) |
| **खुद नगद प्रवाह (क) + (ख) + (ग)** | ११,४७८,५१४.६५ | (४,६३४,२८९.७६) |
| नगद तथा बैंकको शुरु मौज्दात | ७,८९३,३८१.६१ | १२,५२७,६७१.३७ |
| **जम्मा** | १९,३७१,८९६.२६ | ७,८९३,३८१.६१ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | १९,३७१,८९६.२६ | ७,८९३,३८१.६१ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

रवि प्रसाद सिग्देल
अध्यक्ष

चिन्तामणी तिमिल्सीना
कोषाध्यक्ष

बिष्णु नेपाल
सचिव

उषा कुमारी
व्यवस्थापक

न्हुछेलाल प्रधान
एन.एल.पि. एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

मिति:२०८३/०४/०९
स्थान: काठमाडौं

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

## इक्वीटि परिवर्तनको विवरण

आषाढ ३२, २०८३ को

| विवरण | शेयर पूँजी | जगेडा कोष | ब्याज मुल्तबी कोष | अन्य वैधानिक कोषहरु | ऐच्छिक कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| २०८१ श्रावन १ को मौज्दात | ६,६१०,००० | ३,७४३,९७० | ७३,२८२ | १,४४५,४२९ | - | ११,८७२,६८१ |
| समायोजन / पुनःस्थापना | - | - | - | - | - | - |
| **२०८१ श्रावन १ पुनः स्थापित मौज्दात** | ६,६१०,००० | ३,७४३,९७० | ७३,२८२ | १,४४५,४२९ | - | ११,८७२,६८१ |
| यस वर्षको नाफा | | ८४,३६८ | (२६,७३७) | २५५,००० | - | ३१२,६३१ |
| इक्वीटिमा लेखांकन भएको आम्दानी | | | | | - | - |
| शेयर पुंजिमा बृद्धी / (ह्रास) | (२२,०००) | | | | - | (२२,०००) |
| शेयर लाभांश वितरण | | | | (६५१,८१५) | - | (६५१,८१५) |
| संरक्षित पूँजी फिर्ता कोष वितरण | | | - | (३५४,०००) | - | (३५४,०००) |
| कोषबाट अन्य खर्चहरु | - | ३,५३० | - | - | - | ३,५३० |
| कोषहरुको समायोजन | | ३१८,००० | - | (३१८,०००) | - | - |
| **जम्मा योगदान तथा बाँडफाँड** | (२२,०००) | ४०५,८९८ | (२६,७३७) | (१,०६८,८१५) | - | (७११,६५४) |
| **२०८२ आषाढ अन्तिमको पुनः स्थापित मौज्दात** | ६,५८८,००० | ४,१४९,८६८ | ४६,५४५ | ३७६,६१४ | - | ११,१६१,०२७ |
| यस वर्षको नाफा | | ३६७,९६५ | (५,३९३) | १,१०५,००० | - | १,४६७,५७१ |
| इक्वीटिमा लेखांकन भएको आम्दानी | | - | | | - | - |
| शेयर पुंजिमा बृद्धी / (ह्रास) | २५,००० | | | | - | २५,००० |
| शेयर लाभांश वितरण | | | | (२४४,१९२) | - | (२४४,१९२) |
| संरक्षित पूँजी फिर्ता कोष वितरण | | | - | (६२,८६४) | - | (६२,८६४) |
| कोषबाट अन्य खर्चहरु | - | - | - | - | - | - |
| कोषहरुको समायोजन | | - | - | (६,०००) | - | (६,०००) |
| **जम्मा योगदान तथा बाँडफाँड** | २५,००० | ३६७,९६५ | (५,३९३) | ७९१,९४५ | - | १,१७९,५१६ |
| **२०८३ आषाढ अन्तिमको पुनः स्थापित मौज्दात** | ६,६१३,००० | ४,५१७,८३२ | ४१,१५२ | १,१६८,५५९ | - | १२,३४०,५४३ |

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका -१०, गोंगबु, काठमाण्डौ

## वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

### टिप्पणी नं ४.१ नगद तथा नगद समान

नगद तथा नगद समान मौज्दातको Carrying amount लाई fair value मानिएको छ । भल्टमा रहेको नगद मौज्दातलाई भौतिक तथा आर्थिक जोखिमको लागि बीमा गरिएको छ ।

भल्टमा रहेको नगद मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा स्थानीय बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा तीन वा तीन महिना भन्दा कम परिपक्वता रहेको मुद्धति लगानीलाई लाई नगद तथा नगद समान मौज्दातमा समावेश गरिएको छ ।

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| नगद मौज्दात | ५,४८६ | ५,८०२ |
| वालेट मौज्दात | ३४,४४५ | १५१,००६ |
| लक्ष्मी बैंक लि. | ६,८२८,१०० | २,३१८,७२१ |
| प्रभु बैंक लि. | १,३८५,३४१ | १,५९१,३२८ |
| सनराईज बैंक लि. | - | - |
| ग्लोबल आइएमई बैंक लि. | ४,४८४,९२६ | १,६४६,०४५ |
| राष्ट्रिय सहकारी बैंक लि. | १,५२१,५६० | ५०३,१३१ |
| ज्योति विकास बैंक लि. | ५,११२,०३७ | १,६७७,३४९ |
| **जम्मा** | **१९,३७१,८९६** | **७,८९३,३८२** |

### टिप्पणी नं ४.२ अन्य सम्पत्ति हिसाब

अन्य सम्पत्तिहरुमा ती सम्पत्तिहरु समावेश छन, जुन वित्तीय विवरणहरुमा छुट्टै वर्गीकरण नगरी देखाइएको छ । लिनुपर्ने रकम, अग्रीम भुक्तानी र धरौटि आदि रकमहरु अन्य सम्पत्तिमा वर्गीकृत छन् । सोको विवरण निम्नानुसार रहेको छ :

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| अग्रीम भुक्तानी (माइको बैंकर) | - | ५३८,७६७ |
| सदस्यहरुबाट पाउनुपर्ने ब्याज | ४१,१५२ | ४६,५४५ |
| **जम्मा** | **४१,१५२** | **५८५,३११** |

### टिप्पणी नं ४.३ यस वर्षको आयकर सम्पत्ति तथा दायित्व

यस आ.व.को आयकर सम्पत्तिमा संस्थाले आयकर ऐन २०५८ बमोजिम दायर गरेको स्वनिर्धारण आयकर विवरण अन्तर्गत संस्थाले भुक्तानी गरेको अग्रिम आयकर (बाँकी रकम) र बैंक तथा वित्तीय संस्था तथा अन्य संस्थाको तर्फबाट स्रोतमा अग्रिम कर कट्टी रकमलाई समावेश गरिएको छ ।

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| चालु वर्षको आय कर सम्पत्ति | ३५,१२० | ३५,४०३ |
| अघिल्लो वर्षहरुको कर सम्पत्ति | ९४,३३७ | ८८,८९० |
| **जम्मा चालु कर सम्पत्ति** | **१२९,४५७** | **१२४,२९३** |
| चालु वर्षको आयकर दायित्व | (१५३,४०६) | (२९,९५६) |
| गत वर्षहरुको कर दायित्वहरु | - | - |
| **चालु कर दायित्व** | **(१५३,४०६)** | **(२९,९५६)** |
| **खुद चालु कर सम्पत्ति (दायित्व)** | **(२३,९४९)** | **९४,३३७** |

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका -१०, गोंगबु, काठमाण्डौ

## वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

टिप्पणी नं ४.४ सदस्यहरुलाई ऋण लगानी

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| हायर पर्चेज ऋण | १३०,००० | १७१,३६० |
| घर जग्गा ऋण | ६२२,१६२ | १६७,०९३ |
| व्यावसायिक ऋण | ६,८४१,४७६ | ५,१६६,१५३ |
| शिक्षा ऋण | २८१,७४८ | ६६७,९२१ |
| व्यक्तिगत ऋण | ४४,२१३,८०८ | ५५,८२६,२८० |
| आवधिक बचत जमानी ऋण | ९,८००,००० | १०,४१७,३२६ |
| क्रमिक बचत जमानी ऋण | ४९३,००० | ४,२४०,३५० |
| अन्य ऋण | २४०,००० | २६०,००० |
| **खुद रकम** | **६२,६२२,१९४** | **७६,९१६,४८३** |
| कम: ऋण नोक्सानी व्यवस्था | ६२६,२२२ | ७६९,१६५ |
| **जम्मा** | **६१,९९५,९७२** | **७६,१४७,३१८** |

टिप्पणी न ४.४.१ ऋण नोक्सानी व्यवस्था

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| **साउन १ को मौज्दात** | ७६९,१६५ | ७२८,३७२ |
| यस वर्षको थप(फिर्ता) | (१४२,९४३) | ४०,७९३ |
| **आषाढ मसान्तको ऋण नोक्सानी व्यवस्था** | ६२६,२२२ | ७६९,१६५ |

टिप्पणी न ४.४.२ परिपक्वताको आधारमा कर्जा जोखिम व्यवस्था

| विवरण | कर्जा रकम | कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|
| **कर्जाको वर्गीकरण** | | |
| असल कर्जा (भाका ननाघेको वा ३ महिनासम्म भाका नाघेको)- १% का दरले | ६२,६२२,१९४ | ६२६,२२२ |
| कमसल कर्जा (३ देखि ६ महिनासम्म भाका नाघेका)- २५% का दरले | - | - |
| शंकास्पद कर्जा (६ देखि १२ महिनासम्म भाका नाघेका)- ५०% का दरले | - | - |
| खराब कर्जा (१२ महिना भन्दा बढि भाका नाघेका)- १००% का दरले | - | - |
| अतिरिक्त | | |
| जम्मा | ६२,६२२,१९४ | ६२६,२२२ |

संस्थाले सम्पुर्ण ऋण असल ऋणमा वर्गीकरण भएकाले सोहि बमोजिम ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

C.O.P.NO.: 383 Regd. Auditor "B"

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ
**वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु**

### टिप्पणी नं ४.५ शेयर धितोपत्रमा लगानी

यस अन्तर्गत संस्थाले अन्य निकायको शेयरमा गरेको लगानीलाई लिईएको छ । सो शेयरहरु सूचिकृत नरहेकोले तथा अनावश्यक खर्च बिना (Without Undue Cost) उचित मुल्य गणना गर्न नसकिएकोले लागतमा प्रस्तुत गरिएको छ ।

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| **सूचिकृत नभएको शेयरमा लगानी** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ४५,००० | ४५,००० |
| जिल्ला सहकारी संघ लि. | ५,००० | ५,००० |
| **जम्मा** | **५०,०००** | **५०,०००** |

### टिप्पणी नं ४.८ सदस्यको निक्षेप बचत

संस्थाले बचत नीति बमोजिम सदस्यहरुबाट नेपाली रुँपैयामा संकलन गरेको निक्षेपको विवरण निन्नानुसार रहेको छ :

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| साधारण बचत | २,६३९,७७४ | २,९९६,४४३ |
| शेयर बचत | - | १६,८३९,९८२ |
| मानव बचत | ७,०९५,१७६ | ९,०७०,८८३ |
| खुत्रुके बचत | १,४११,७५८ | १,३३५,५९३ |
| नारी बचत | ५,९५६,८७१ | ८,५२४,०७८ |
| क्रमिक बचत | ३१,५१६,६१२ | १३,७६१,८३० |
| बाल भविष्य बचत | ३,८२५,३५६ | ३,६४२,७१४ |
| सञ्चय बचत | २,०१६,८०९ | १,६५०,६३५ |
| स्वास्थ्य बचत | ५२,०३३ | ८०३,१२३ |
| भविष्य बचत | ७९,९०१ | ५६,०७३ |
| आवधिक खाता | १५,०८०,००० | १५,३००,००० |
| **जम्मा** | **६९,६७४,२९०** | **७३,९८१,३५४** |

N.L.A. Associates "B" C.O.P.NO.: 383 Regd. Auditor

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

### वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

#### टिप्पणी नं ४.९ अन्य दायित्व हिसाब

कर्मचारीसँग सम्बन्धित अल्पकालीन दायित्व, तिर्न बाँकी करकट्टी दायित्व तथा अन्य तिर्न बाँकी दायित्वहरुलाई यो शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| कर कट्टी | | |
| ब्याजमा कर कट्टी | ४०,८७९ | ७६,६१७ |
| तलबमा सामाजिक सुरक्षा कर | ३,५०४ | ३,१०५ |
| कर कट्टी अन्य | १८१ | (0) |
| आयकर | १५३,४०६ | - |
| अन्य कर | १२,९७४ | - |
| परामर्श शुल्क कर | १५० | - |
| लेखापरीक्षण शुल्क कर | ३०० | ३०० |
| बैठक भत्ता कर | ७,२०० | १४,४०० |
| जम्मा | २१८,५९४ | ९४,४२२ |
| अन्य भुक्तानी दिन बाँकी हिसाब | | |
| कर्मचारी बोनस व्यवस्था | ४१,००० | २०,००० |
| लेखापरीक्षक शुल्क | २२,३०० | २२,३०० |
| कर्मचारी तलब | - | - |
| मन्त्रालय दाखिला गर्न बाँकी सहकारी प्रबर्द्धन कोष(४.९.१) | ४२,३६२ | ३६,३६२ |
| जम्मा | १०५,६६२ | ७८,६६२ |
| जम्मा | ३२४,२५६ | १७३,०८४ |

#### टिप्पणी ४.९.१ सहकारी प्रबर्द्धन कोष हिसाब

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| सालको सुरुको मौज्दात | ३६,३६२ | ३५,३६२ |
| मन्त्रालयको सहकारी प्रबर्द्धन कोषमा भएको दाखिला | - | - |
| सालको नाफाबाट स्थानान्तरण | ६,००० | १,००० |
| सालको अन्त्यको मौज्दात | ४२,३६२ | ३६,३६२ |

N.L.T. & Associates * "B" * Regd. Auditor * C.O.P.NO.: 383

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

## वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

टिप्पणी नं ४.६ अमुर्त सम्पत्ति

रकम रु. मा

| विवरण | लेखा सफ्टवेर | एसएमएस वैकिङ्ग सफ्टवेर | वेभ एप्लीकेसन | स्मार्ट बैंकिङ्ग एप | जम्मा |
|---|---|---|---|---|---|
| परल मुल्य | | | | | |
| २०८१ साउन १ को मौज्दात | १८,९८५ | १७,२०५ | २४,००० | २२,६०० | ८२,७९० |
| यस बर्षको खरिद | - | - | - | - | - |
| समायोजन/पुनःमुल्याङ्कन | - | - | - | - | - |
| यस वर्षको बिक्रि (निष्काशन) | - | - | - | - | - |
| २०८२ आषाढ अन्तिमको मौज्दात | १८,९८५ | १७,२०५ | २४,००० | २२,६०० | ८२,७९० |
| यस बर्षको खरिद | - | - | - | - | - |
| समायोजन/पुनःमुल्याङ्कन | - | - | - | - | - |
| यस वर्षको बिक्रि (निष्काशन) | - | - | - | - | - |
| २०८२ पौष अन्तिमको मौज्दात | १८,९८५ | १७,२०५ | २४,००० | २२,६०० | ८२,७९० |
| ह्रास कट्टी र मुल्यक्षय | | | | | |
| साउन १, २०८१ को संचित मौज्दात | ९,४९२ | ६,४३० | ६,००० | ३,५१६ | २५,४३८ |
| सालको परिषोधन | ४,७४६ | ३,२१५ | ३,००० | २,३८६ | १३,३४७ |
| सालको मुल्यक्षय | - | - | - | - | - |
| विक्रि | - | - | - | - | - |
| आषाढ मसान्त, २०८२ को संचित मौज्दात | १४,२३८ | ९,६४५ | ९,००० | ५,९०१ | ३८,७८४ |
| सालको परिषोधन | ४,७४७ | ३,४९८ | ३,००० | २,३८६ | १३,६३० |
| सालको मुल्यक्षय | - | - | - | - | - |
| विक्रि | - | - | - | - | - |
| पौष मसान्त, २०८२ को संचित मौज्दात | १८,९८५ | १३,१४३ | १२,००० | ८,२८७ | ५२,४१५ |
| खुद किताबि मुल्य | | | | | |
| आषाढ मसान्त, २०८१ को | ९,४९३ | १०,७७५ | १८,००० | १९,०८४ | ५७,३५२ |
| आषाढ मसान्त, २०८२ को | ४,७४७ | ७,५६० | १५,००० | १६,६९९ | ४४,००६ |
| आषाढ मसान्त, २०८३ को | - | ४,०६३ | १२,००० | १४,३१३ | ३०,३७५ |

N.L.P. & Associates Regd. Auditor "B" C.O.P.NO.: 383

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**

टोखा नगरपालिका -१०, गोंगबु, , काठमाण्डौ

**वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु**

टिप्पणी नं ४.७ सम्पत्ति तथा उपकरण

| लागत | भवन | कम्प्युटर तथा एक्सेसरिज | कार्यालय सामाग्री | कार्यालय फर्निचर | मेसीनरी उपकरण | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| <u>लागत</u> | | | | | | |
| २०८१ साउन १ को मौज्दात | - | १५७,६८५ | २८५,७६२ | ११६,५४९ | - | ५५९,९९६ |
| यस बर्षको खरिद | - | २१९,००० | १२,००० | १२,४०० | - | २४३,४०० |
| समायोजन (अपलेखन) | - | - | - | - | - | - |
| यस वर्षको विक्रि (निष्काशन) | - | - | - | | - | - |
| २०८२ आषाढ अन्तिमको मौज्दात | - | ३७६,६८५ | २९७,७६२ | १२८,९४९ | - | ८०३,३९६ |
| यस बर्षको खरिद | - | ३४४,२०० | १६,९५६ | - | - | ३६१,१५६ |
| समायोजन (अपलेखन) | - | - | - | - | - | - |
| यस वर्षको विक्रि (निष्काशन) | - | - | - | | - | - |
| २०८३ आषाढ अन्तिमको मौज्दात | - | ७२०,८८५ | ३१४,७१८ | १२८,९४९ | - | १,१६४,५५२ |
| <u>ह्रास कट्टी र मुल्यक्षय</u> | | | | | | |
| साउन १, २०८१ को संचित मौज्दात | - | ६८,९९० | ८५,२९५ | ३९,९९४ | - | १९४,२७९ |
| सालको ह्रासकट्टी | - | ५८,८२२ | ४०,४९३ | ८,६९० | - | १०८,००६ |
| सालको मुल्यक्षय | - | - | - | - | - | - |
| विक्रि | | | | | - | - |
| आषाढ मसान्त, २०८२ को संचित मौज्दात | - | १२७,८१२ | १२५,७८८ | ४८,६८४ | - | ३०२,२८५ |
| सालको ह्रासकट्टी | - | ९७,६३० | ३६,३७३ | ८,०२७ | - | १४२,०३० |
| सालको मुल्यक्षय | | - | - | - | | - |
| विक्रि | | | | | | - |
| आषाढ मसान्त, २०८३ को संचित मौज्दात | - | २२५,४४२ | १६२,१६१ | ५६,७११ | - | ४४४,३१५ |
| <u>खुद किताबि मुल्य</u> | | | | | | |
| आषाढ मसान्त, २०८१ को | - | ८८,६९५ | २००,४६७ | ७६,५५५ | - | ३६५,७१७ |
| आषाढ मसान्त, २०८२ को | - | २४८,८७३ | १७१,९७४ | ८०,२६५ | - | ५०१,१११ |
| आषाढ मसान्त, २०८३ को | - | ४९५,४४३ | १५२,५५७ | ७२,२३८ | - | ७२०,२३७ |

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

**वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु**

### टिप्पणी नं ४.१० शेयर पूँजी

साधारण शेयर पूँजीले, जारी साधारण शेयरको पार (par) मूल्यको प्रतिनिधित्व गर्दछ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, Convertible Instrument आदी रहेको छैन । शेयर निष्कासनमा कुनै खर्च भएको छैन ।

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| **चुक्ता पूँजी** | | |
| अघिल्लो आ.व.को शेयर पूँजी | ६,५८८,००० | ६,६१०,००० |
| न्यून: फिर्ता भुक्तानी गरिएको | (३५२,०००) | (५२४,०००) |
| थप: बिक्री गरिएको | ३७७,००० | ५०२,००० |
| **जम्मा शेयर पूँजी (प्रति शेयर रु.१००)** | **६,६१३,०००** | **६,५८८,०००** |

### टिप्पणी नं ४.११ जगेडा तथा अन्य कोषहरु

| विवरण | २०८३.०३.३२ को | २०८२.०३.३२ को |
|---|---|---|
| **क. जगेडा कोष** | | |
| सालको सुरुको मौज्दात | ४,१४९,८६८ | ३,७४३,९७० |
| सालको नाफाबाट स्थानान्तरण | ३६७,९६५ | ८४,३६८ |
| अन्य समायोजन | - | ३,५३० |
| अन्य कोषहरुबाट स्थानान्तरण | ६१,१३६ | ३१८,००० |
| **सालको अन्त्यको मौज्दात** | **४,५७८,९६९** | **४,१४९,८६८** |
| **ख. अन्य कोषहरु** | | |
| **१. संरक्षित पूँजी फिर्ता कोष** | | |
| सालको सुरुको मौज्दात | ६४,००० | ३५३,००० |
| सदस्यहरुलाई गरिएको वितरण | (६२,८६४) | (३५३,०००) |
| जगेडा कोषमा स्थानान्तरण | (१,१३६.२२) | - |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | २७६,००० | ६४,००० |
| **सालको अन्त्यको मौज्दात** | **२७६,०००** | **६४,०००** |
| संस्थाले संरक्षित पूँजी फिर्ता कोष सदस्यहरुलाई वितरण नगर्ने निर्णय गरेकोले सो कोषमा रहेको रकमलाई नियमावलीको व्यवस्था बमोजिम जगेडा कोषमा स्थानान्तरण गरिएको छ । | | |
| **२. शेयर लाभांश कोष** | | |
| सालको सुरुको मौज्दात | २५२,६१४ | ७७४,४२९ |
| सदस्यहरुलाई गरिएको वितरण | (२४४,१९२) | (६५१,८१५) |
| जगेडा कोषमा स्थानान्तरण | - | - |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ५७७,००० | १३०,००० |
| **सालको अन्त्यको मौज्दात** | **५८५,४२३** | **२५२,६१४** |
| **३. घाटा पुर्ति तथा जोखिम कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |

**त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ
**वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु**

| | | |
|---|---|---|
| **४. सहकारी विकास कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |
| **५. सहकारी शिक्षा कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| सालको खर्च गरिएको रकम | - | - |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |
| **६. सामुदायिक विकास कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| सालको खर्च गरिएको रकम | | |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |
| **७. स्थिरिकरण कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| स्थिरिकरण कोषमा गरिएको दाखिला | | |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |
| **८. अन्य जोखिम व्यवस्थापन कोष** | | |
| सालको सुरुको मौज्दात | १०,००० | ५३,००० |
| सालको खर्च गरिएको रकम | - | - |
| जगेडा कोषमा स्थानान्तरण | (१०,०००) | (५३,०००) |
| सालको नाफाबाट स्थानान्तरण (टिप्पणी नं ४.११.१) | ४१,००० | १०,००० |
| **सालको अन्त्यको मौज्दात** | **४१,०००** | **१०,०००** |
| **९. ब्याज मुल्तबी कोष** | | |
| सालको सुरुको मौज्दात | ४६,५४५ | ७३,२८२ |
| ब्याज मुल्तवी कोषमा भएको अन्य थपघट | (५,३९३) | (२६,७३७) |
| **नाफामा भएको जम्मा समायोजन** | **(५,३९३)** | **(२६,७३७)** |
| **सालको अन्त्यको मौज्दात** | **४१,१५२** | **४६,५४५** |
| **कुल अन्य कोष हिसाब** | **१,१४८,५७४** | **४२३,१५९** |
| **कुल जगेडा तथा अन्य कोष हिसाब** | **५,७२७,५४३** | **४,५७३,०२७** |

NAS for MEs बमोजिम ब्याज आम्दानीलाई प्रोदभावी आधारमा (Accrual Basis) मा लेखांकन गर्नुपर्ने भएकोले सोहि बमोजिम आम्दानी जनाई प्राप्त हुन बाँकी रकमलाई सोको स्थगन कर घटाई ब्याज मुल्तवी कोषमा

त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका – १०, गोंगबु, काठमाण्डौ

**वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु**

**टिप्पणी नं ४.११.१ नाफाको बाँडफाँड /स्थानान्तरण**

संस्थाले आयकर पछिको जम्मा विस्तृत आम्दानीबाट स्थगन कर पछिको पाकेको तर पाउनबाँकी ब्याजलाई ब्याज मुल्तबी कोषमा रकमान्तर गरेको छ । संस्थाको नीति तथा ऐन बमोजिम सिधै जगेडा कोषमा लेखांकन गरिने आम्दानीलाई सोहि बमोजिम जगेडामा लगिएको छ । त्यसपछिको ऐन, नियम तथा सहकारी विभागको निर्देशन बमोजिम वितरण योग्य नाफाको २५% जगेडा कोषमा छुट्टाई बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन २०७६ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% बाँडफाँड गरिएको छ । बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६ साथै संचालक समितिको निर्णयानुसार देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| विवरण | प्रतिशत | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| **सालको जम्मा विस्तृत आम्दानी** | | **१,४६७,५७१** | **३१२,६३१** |
| ब्याज मुल्तवी कोषमा समायोजन भएको | | (५,३९३) | (२६,७३७) |
| सम्पत्तिको विक्रीबाट प्राप्त मुनाफा (जगेडा कोषमा) | | - | - |
| **अन्य कोषहरुमा वितरणको लागी छुट्याईएको** | | **१,४७२,९६५** | **३३९,३६८** |
| जगेडा कोष | २५.००% | ३६७,९६५ | ८४,३६८ |
| **बाँकी** | | **१,१०५,०००** | **२५५,०००** |
| संरक्षित पूँजी फिर्ता कोष | २५.००% | २७६,००० | ६४,००० |
| सहकारी प्रवर्द्धन कोष | ०.५०% | ६,००० | १,००० |
| **बाँकी** | | **८२३,०००** | **१९०,०००** |
| शेयर लाभांश कोष (बाकिं) | बाँकी | ५७७,००० | १३०,००० |
| घाटा पुर्ति तथा जोखिम कोष | ५.००% | ४१,००० | १०,००० |
| सहकारी विकास कोष | ५.००% | ४१,००० | १०,००० |
| सहकारी शिक्षा कोष | ५.००% | ४१,००० | १०,००० |
| सामुदायिक विकास कोष | ५.००% | ४१,००० | १०,००० |
| अन्य जोखिम व्यवस्थापन कोष | ५.००% | ४१,००० | १०,००० |
| स्थिरीकरण कोष | ५.००% | ४१,००० | १०,००० |

N.L.P. & Associates "B" Regd. Auditor C.O.P.NO.: 383

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

## वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

टिप्पणी नं ४.१२ ब्याज आम्दानी

| विवरण | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|
| ऋण लगानीबाट ब्याज आम्दानी | ६,८४१,०००.०० | ८,३७४,२३५.८० |
| ऋण लगानीबाट ब्याज प्राप्त | ६,८४६,३९३.१७ | ८,४००,९७२.९६ |
| **अन्तिम मौज्दात** | **४१,१५१.५७** | **४६,५४४.७४** |
| **सुरुको मौज्दात** | **(४६,५४४.७४)** | **(७३,२८१.९०)** |
| बैंकबाट ब्याज आम्दानी | १४१,९९८.२६ | ९४,८१६.६६ |
| **जम्मा** | **६,९८२,९९८.२६** | **८,४६९,०५२.४६** |

टिप्पणी नं ४.१३ ब्याज खर्च

| विवरण | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|
| बचत खाता | २,२१५,२६८.५२ | ३,९९६,८२१.५८ |
| आवधिक बचत खाता | ८४५,०३९.६७ | १,६०९,१८५.०५ |
| **जम्मा** | **३,०६०,३०८.१९** | **५,६०६,००६.६३** |

टिप्पणी नं ४.१४ अन्य आम्दानी

| विवरण | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|
| जरिवाना आम्दानी | २४,६११.२४ | ३८,०३२.९६ |
| ऋण नविकरण शुल्क | १३३,९७०.०० | २३६,०१०.०० |
| सदस्यता शुल्क | ७००.०० | ६००.०० |
| खाता बन्द शुल्क | २,८००.०० | ५,०००.०० |
| ऋण व्यवस्थापन शुल्क | १५१,४१०.०० | १४,७००.०० |
| एस एम एस शुल्क | ५००.०० | २,५००.०० |
| स्मार्ट बैंक आम्दानी | ३६,००२.१२ | ४१,८७२.४० |
| अन्य आम्दानी | ५,०४०.९३ | ५,०६४.१६ |
| छुट आम्दानी | २,२४४.१६ | ३,३२९.५७ |
| **जम्मा** | **३५७,२७८.४५** | **३४७,१०९.०९** |

## त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, गोंगबु, काठमाण्डौ

### वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु

टिप्पणी नं ४.१५ कर्मचारी खर्च

| विवरण | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|
| तलब खर्च | १,४९२,५२५.१३ | १,३२४,१६७.०४ |
| कर्मचारी बोनस व्यवस्था खर्च | ४१,०००.०० | २०,०००.०० |
| तालिम खर्च | - | - |
| **जम्मा** | **१,५३३,५२५.१३** | **१,३४४,१६७.०४** |

टिप्पणी नं ४.१६ कार्यालय सञ्चालन खर्च

| विवरण | आ.व. २०८२.८३ | आ.व. २०८१.८२ |
|---|---|---|
| अफिस भाडा | ४२१,३९२.०० | ३८२,२२४.०० |
| मसलन्द खर्च | ६,८७५.०० | १२,४३८.०० |
| अतिथि सत्कार | ३,९१०.०० | ६,६६४.०० |
| सफ्टवेयर लेखा तथा वेभसाइट | १४०,९८१.०० | १४१,६५८.०० |
| पानी र फोहोर व्यवस्थापन | १०,७५५.०० | १२,३१४.०० |
| दर्ता तथा नविकरण | २८,९१७.०० | ३०,२९५.०० |
| टेलिफोन र इन्टरनेट खर्च | ५१,६३०.०० | ४५,३८२.०० |
| बिजुली खर्च | २२,०००.०० | ३०,२५०.०० |
| एस एम एस खर्च | ९,९९८.०० | १४,९९७.०० |
| भि.पि.एस. खर्च | १४५,७४३.०० | ११६,४००.०० |
| बैठक भत्ता | ९६,०००.०० | ९६,०००.०० |
| साधारण सभा खर्च | ८४,४१०.०० | ३८१,८८५.५० |
| वार्षिक उत्सव खर्च | - | १९,८७५.०० |
| बैंक चार्ज | १,९१०.०० | २,०५१.३५ |
| परिवहन खर्च | २,४००.०० | २,१५५.०० |
| परामर्श खर्च | ३३,९००.०० | - |
| लेखापरीक्षण शुल्क | २२,६००.०० | २२,६००.०० |
| अफिस वा अन्य खर्च | २९,३२७.३८ | ३५,४६७.६० |
| **जम्मा** | **१,११२,७४८.३८** | **१,३५२,६५६.४५** |

# त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.

टोखा नगरपालिका - १०, ग्रोंगबु, काठमाण्डौ

## प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरु

## आ. ब. २०८२।८३

### १. सहकारीको सामान्य परिचय

त्रिफला बचत तथा ऋण सहकारी संस्था लि.ले छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मुख्य उद्धेश्यले सहकारी ऐनअनुसार मिति २०६८.१०.२४ मा तत्कालिन जिल्ला सहकारी कार्यालय, काठमाडौंमा दर्ता नम्बर ३९१८।२०६८।६९ मार्फत दर्ता भै कार्य गरिरहेको छ ।

संस्थाले २०६८.११.०५ मा आन्तरिक राजस्व विभागमा दर्ता गरी ६००४८५६१० स्थायी लेखा नम्बर प्राप्त गरेको छ ।

### २. तयारीको आधार

### २.१ वित्तीय लेखांकनका आधारहरु र अनुपालनको विवरण

संस्थाको वित्तीय विवरण (वित्तीय अवस्थाको विवरण, आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण) र प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धी टिप्पणी लेखा मान बोर्ड नेपाल (ASB-N) द्वारा प्रकाशित भएको र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा लागु गरिएको लघु संस्थाका लागि नेपाल लेखामान (NAS for MEs) को आधारमा प्रथम पटक तयार गरिएको छ । साथै सबै लागू कानून र नियमहरूको आवश्यकताहरूको पालनामा तयार गरिएको छ । NAS for MEs लागु गर्दा, कुनै भिन्न भएकोमा जहाँ लागू हुन्छ त्यहाँ खुलासा गरिएको छ । नगद प्रवाह विवरण बाहेकका वित्तीय विवरण लेखाको प्रोदभावी आधारमा तयार गरिएको छ । नगदी प्रवाह अप्रत्यक्ष विधि प्रयोग गरि नगदको आधारमा तयार गरिएको छ । सहकारी संस्था वित्तीय संस्था भएकोले सम्पत्ति तथा दायित्वहरुलाई चालु/गैर चालु वर्गीकरण (Current/non-current distinction) नगरी अनुमानित तरलता (Liquidity - Decending order) को आधारमा प्रस्तुत गरिएको छ । आय विवरण खर्चको प्रकृति (Nature of Expenses) को आधारमा प्रस्तुत गरिएको छ ।

### २.२ प्रतिवेदन अवधि र वित्तीय विवरणहरूको स्वीकृति

#### क) प्रतिवेदन अवधि

लघु निकायलाई लागु गरिएको नेपाल लेखामान (NAS for MEs) को आधारमा मिति २०८२ श्रावण १ देखि २०८३ आषाढ ३२ सम्मको समयलाई प्रतिवेदन अवधि मानिएको छ ।

#### ख) वित्तीय विवरणहरुको दायित्व

प्रचलित कानून तथा वित्तिय विवरण प्रस्तुती सम्बन्धि लघु निकायलाई लागु गरिएको नेपाल लेखामान (NAS for MEs) बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु संस्थाको व्यवस्थापनको उत्तरदायित्व हो ।

#### ग) वित्तीय विवरणहरुको स्वीकृति

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणी सहितको आ.व. २०८२/८३ को वित्तीय विवरण संस्थाको संचालक समितिको मिति २०८३.०४.०९ को बैठकमा अध्ययन तथा छलफल भई स्वीकृत भएको छ । साथै संचालक समितिबाट स्वीकृत भएको वित्तीय विवरण शेयरधनीहरुको स्वीकृतिका लागि आगामी वार्षिक साधारण सभासमक्ष सिफारिस गरिएको छ ।

### २.३ कार्यात्मक र प्रस्तुति मुद्रा

संस्थाको कार्यात्मक र प्रस्तुति मुद्रा नेपाली रुपैँया हो । जुन प्राथमिक आर्थिक वातावरणको मुद्रा हो जसमा संस्थाले काम गर्दछ ।

### २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग (Use of Estimate, Assumptions and Judgement)

लघु निकायलाई लागु गरिएको नेपाल लेखामान (NAS for MEs) अनुरुप वित्तीय विवरणहरूको तयारी गर्दा NAS for MEs ले निर्दिष्ट गरेबमोजिम उपयुक्त अनुमान, धारणा तथा स्वविवेक (Estimate, Assumptions and Judgement) हरुको प्रयोग गरिएको छ । प्रयोग भएका अनुमान, अन्तर्निहित धारणाहरू तथा स्वविवेकहरुको निरन्तर रुपमामा समीक्षा गरी आवश्यक भएको अवस्थामा NAS for MEs ले निर्देश गरेबमोजिम समायोजन गर्ने गरिएको छ । संस्थाले प्रयोग गरेको अनुमान, अन्तर्निहित धारणाहरू तथा स्वविवेकहरुलाई सम्बन्धित प्रमुख लेखा नीतिहरुमा खुलासा गरिएको छ ।

### २.५ निरन्तर संस्था (Going Concern)

सहकारी संस्थाको व्यवस्थापनले आफ्नो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई आत्मसाथ गरी वित्तीय विवरण तयार गरेको छ । संचालक समितिले सहकारी संस्थालाई निरन्तर संस्थाको रूपमा जारी राख्नको लागि संस्थाको क्षमताको मूल्यांकन गरेको छ र संस्थासँग भविष्यको लागि व्यवसाय जारी राख्नको लागि स्रोतहरू छन् भन्ने विषयमा सन्तुष्ट छ । यसबाहेक, संचालक समिति कुनै पनि भौतिक अनिश्चितताहरूको बारेमा सचेत छैन जसले संस्थाको एक निरन्तर संस्थाको रूपमा जारी गर्न सक्ने क्षमतामाथि महत्वपूर्ण शंका प्रदान गर्दछन् । साथै संचालक समिति यस संस्थाको व्यवसायलाई रोक्न वा बन्द गर्न चाहँदैनन् । त्यसकारण, वित्तीय विवरणहरू निरन्तर संस्थाको आधारमा तयार गरिएको छ ।

### २.६ लेखा नीतिहरु र लेखा नीतिहरुमा परिवर्तन

यस सहकारी संस्थाले २०८२ आषाढ समाप्त भएको वर्षको लागि पहिलो पटक NAS for MEs को आधारमा वित्तीय विवरण तयार गरेको हो । सहकारी संस्थाले आफ्नो सम्पत्ति र दायित्वलाई लघु निकायलाई लागु गरिएको नेपाल लेखामान (NAS for MEs) अनुसार पहिचान गरेको छ र सो अनुसार पहिचान नहुने सम्पत्ति तथा दायित्वहरुलाई पहिचान गरिएको छैन ।

### २.७ तुलनात्मक जानकारी

वर्तमान अवधिको वित्तीय विवरण बुझ्नको लागि उपर्युक्त भएकोमा तुलनात्मक जानकारी narrative & descriptive रुपमा प्रस्तुत गरिएको छ र वर्तमान प्रस्तुतिकरणको साथ आवश्यक पर्नेमा पुन: वर्गीकृत गरिएको छ ।

### २.८ NAS for MEs कार्यान्वयनको सीमा

जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा, अनावश्यक लागत विना (Without undue cost) मापन गर्न नसकिने भएमा तथा सारभुत नभएको (Immaterial ) अवस्थामा फाइदाभन्दा बढि भएमा लघु

निकायलाई लागु गरिएको नेपाल लेखामान (NAS for MEs) को कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरुमा उल्लेख गरिएको छ ।

## ३. प्रमुख लेखा नीतिहरु

तल उल्लेखित लेखा नीतिहरू यी वित्तीय विवरणहरूमा प्रस्तुत सबै अवधिको लागि लगातार लागू गरिएको छ, र यदि कुनै परिवर्तनहरु भएमा सोही अनुसार खुलासा गरिएको छ ।

### ३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लिखित अवस्थामा बाहेक ऐतिहासिक लागतको आधार (Historical Cost Convention) का आधारमा तयार गरिएको छ:

- सदस्यहरुलाइ ऋण लगानीलाई परिषोधन लागत (Amortized Cost) मा मापन गरिएको छ ।
- सदस्यबाट संकलन गरिएको निक्षेपलाई परिशोधन लागतमा मापन गरिएको छ ।
- वित्तीय दायित्व बाहेकका अन्य दायित्व तथा व्यवस्थाहरुलाई Best Estimate Amount मा मापन गरिएको छ ।

### ३.२ नगद र नगद समान

नगद तथा नगद सामान भनी सहकारी संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिहरु जनाईएको छ । सहकारी संस्थाले अल्पकालिन प्रतिवद्धताहरु पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन सक्ने जोखिम नगन्य भएका वित्तीय सम्पत्तिहरुलाई नै नगद तथा नगद समानको रुपमा लिईएको छ । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा देखाइन्छ । बैंक तथा वित्तीय संस्थामा रहेको प्रतिवेदन अवधिबाट ३ महिना भन्दा बढी परिपक्वता अवधि भएका आवधिक मुद्धतीहरुलाई भने परिशोधन मुल्यमा लेखांकन गरी मुद्धती लगानी अन्तर्गत वर्गिकरण तथा प्रस्तुतीकरण गरिएको छ ।

### ३.३ वित्तीय सम्पत्तिहरु र वित्तीय दायित्वहरु

### ३.४ मान्यता (Recognition)

संस्थाले प्रारम्भमा आधारभुत तथा अन्य वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको वित्तीय अवस्थाको विवरणमा लेखांकन त्यतिखेर मात्र गर्छ जतिखेर यो उपकरणको करारको प्रावधानहरूको पक्ष (party) संस्था हुन्छ ।

### ३.५ प्रारम्भिक मापन (Initial Measurement)

संस्थाको वित्तीय सम्पत्ति वा दायित्वहरुको सुरुको मापन कारोवार मुल्यमा (कारोवार लागत समावेश गरि) गरिन्छ ।

### ३.६ पछिको मापन (Subsequent Measurement)

प्रारम्भिक मापन पश्चात वित्तीय उपकरणहरुलाई निम्नानुसार मापन गरिन्छ :

- व्यापारको लागि राखिएको सूचीकृत कम्पनीहरूको शेयरमा लगानी बजार मूल्यमा मापन गरिन्छ । त्यसबाट हुने लाभ वा नोक्सानलाई आय विवरणमा लेखांकन गरिन्छ ।

- बिक्रीको लागि उपलब्ध सूचीकृत कम्पनीहरूको शेयरमा लगानीलाई लागत वा बजार मूल्य मध्ये जुन कम हुन्छ त्यसमा मापन गरिन्छ । त्यसबाट हुने हानि, यदि कुनै छ भने, आय विवरणमा पहिचान गरिन्छ ।
- अन्य सबै आधारभूत वित्तीय उपकरणहरू परिशोधित लागतमा मापन गरिन्छ ।

**३.७ पहिचान खारेज (De-Recongnition)**

**वित्तीय सम्पत्तिको पहिचान खारेज**

संस्थाले एक वित्तीय सम्पत्तिलाई निम्न अवस्थाहरुमा पहिचान खारेजि गर्छः

- वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबंधात्मक अधिकार समाप्त भएमा वा भुक्तान भएमा, वा
- संस्थाले अर्को पक्षलाई वित्तीय सम्पत्तिको स्वामित्वको सबै जोखिम र प्रतिफलहरू पर्याप्त रुपमा हस्तान्तरण गरेमा ।

**वित्तीय दायित्वहरूको पहिचान खारेज**

संस्थाले वित्तीय दायित्व (वा दायित्वको अंश) को तव मात्रै पहिचान खारेजी गर्छ जब यसलाई राफसाफ (Extinguishment) गरिन्छ, अर्थात जब भुक्तानी गरिन्छ, रद्द गरिन्छ वा म्याद समाप्त हुन्छ । संस्थाले वित्तीय दायित्व (वा दायित्वको अंश) को तव मात्रै पहिचान खारेजी गर्दाको भिन्नतालाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

**३.८ उचित मुल्यको निर्धारण**

उचित मुल्य त्यो रकम हो, जुन रकममा असम्वन्धित पक्षहरु बिच सामान्य अवस्थामा कारोवार हुन्छ ।

उचित मुल्यको निर्धारण निम्न क्रमानुसार गरिन्छः

१. सक्रिय बजारमा रहेको समान सम्पत्ति (वा उस्तै सम्पत्ति) को सूचीकृत मूल्य (Quoted Price)
२. सूचीकृत मूल्य (Quoted Price) नभएमा जानकार, इच्छुक पक्षहरूबीचको स्वतन्त्र (Arm's Length) कारोबारमा समान सम्पत्ति (वा उस्तै सम्पत्ति) को लागि गरिएको बाध्यकारी बिक्री सम्झौताको मुल्य वा हालसालैको कारोबारको मूल्य (यदि Best Estimate मुल्य नदेखिएमा आवश्यक समायोजन गरिने)
३. १ र २ को मुल्य Best Estimate मुल्य नदेखिएमा वा उपलब्ध नभएमा मूल्याङ्कन प्रविधि (Valuation Techniques) प्रयोग गरेर अनुमान गरिएको मूल्य ।

**३.९ परिशोधन मुल्य वा लागतमा लेखांकन भएको वित्तीय सम्पत्तिको क्षय घाटा (Impairment of Loans)**

प्रत्येक प्रतिवेदन मितिमा सहकारी संस्थाले परिशोधन मुल्यमा लेखांकन भएको वित्तीय सम्पत्ति (ऋण) को क्षय भएको कुनै वस्तुनिष्ठ प्रमाण (Objective Evidence) छ कि छैन भनेर मूल्यांकन गर्दछ । यदि त्यस्तो प्रमाण छ भने, सो सम्पत्तिको असुलियोग्य रकम (Recoverable Amount) निर्धारण गरिन्छ, र सो रकम र कितावी मुल्यको भिन्नतालाई क्षय घाटामा लेखांकन गरि आय विवरणमा प्रस्तुत गरिन्छ । वित्तीय सम्पत्तिहरुलाई क्षय घाटा गणना गर्दा व्यक्तिगत रुपमा वा समान क्रेडिट जोखिम विशेषताको आधारमा समुहबद्ध गरि क्षय घाटा मुल्यांकन गरिन्छ ।

वित्तीय सम्पत्तिको क्षयको वस्तुनिष्ठ प्रमाण (Objective Evidence) अन्तर्गत सम्पत्ति होल्डरको जानकारीमा आएको निम्न घाटा घटनाहरुको अवलोकनयोग्य तथ्याङ्कहरु समावेश हुन्छन् :

- सम्झौताको उल्लङ्घन, जस्तै ब्याज वा साँवा भुक्तानीमा विलम्ब वा delinquency;
- ऋणीको वित्तीय कठिनाईसँग सम्बन्धित आर्थिक वा कानुनी कारणहरूले गर्दा, ऋणदाताले ऋणीलाई अन्यथा विचार नगर्ने सहुलियत प्रदान गरेमा;
- ऋणीको उल्लेख्य वित्तीय कठिनाइ वा ऋणी टाट पल्टिने वा अन्य वित्तीय पुनर्संरचनामा जाने सम्भावना बढेमा;
- उत्पादन वा संचालन लागत;
- बिक्री खर्च; वा
- ब्याज खर्च ।

ICAN ले जारी गरेको Conservatism Concept अनुसार ऋण नोक्सानी व्यवस्थाका लागि सहकारी मापदण्डले तोकेको व्यवस्था र NAS for MEs बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गर्नुपर्ने हुन्छ तर संस्थाले आन्तरिक मुल्यांकनको आधारमा ऋण नोक्सानी व्यवस्था गरेको छ ।

### ३.१० वित्तीय सम्पत्तिको क्षय घाटा (Impairment Loss) को फिर्ता (Reversal)

यदि पछिल्लो अवधिमा वित्तीय सम्पत्तिको क्षय घाटा (Impairment Loss) को रकम घट्छ र यो घटेको रकम सो क्षय घाटा लेखांकन पछिको घटना (**जस्तै ऋणीको कर्जा मूल्याङ्कन** (credit rating) **मा सुधार**) सँग वस्तुगत रूपमा (Objectively) सम्बन्धित छ भने, संस्थाले पहिले लेखांकन गरिएको क्षय घाटा लाई नाफा वा नोक्सान विवरणमा उल्टाउँछ । यसरि क्षय घाटा फिर्ता गर्दा वित्तीय सम्पत्तिको पहिले क्षय घाटा लेखांकन नगर्दा जति किताबी मुल्य हुने थियो सो भन्दा बढि हुने गरि फिर्ता गरिदैन ।

### ३.११ सम्पत्ति, प्लान्ट तथा उपकरण

सम्पत्ति, प्लान्ट तथा उपकरणहरु एक वर्ष वा सोभन्दा बढी धारण गरी सदस्यहरुलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यको प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारी संस्थाले NAS for MEs को व्यवस्थाअनुसार आफ्ना सम्पत्ति, प्लान्ट तथा उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । सहकारी संस्थाको सम्पत्ति, प्लान्ट तथा उपकरणहरुको बारेमा थप जानकारी टिप्पणी नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

सम्पत्ति, प्लान्ट तथा उपकरणलाई लागत मोडलमा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस नीति अनुसार सम्पत्ति, प्लान्ट तथा उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । सम्पत्ति, प्लान्ट तथा उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आँकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गर्दा हुने फाइदा वा घाटालाई आय विवरणमा प्रस्तुत गरिन्छ ।

रु.२,०००/- भन्दा कम मूल्यमा खरिद गरिएका सम्पत्तिलाई खरीदको बर्षमा उनीहरूको उपयोगी आयुको पर्वाह नगरी खर्चमा लेखांकन गरिएको छ ।

पहिलोपटक NAS for MEs अनुसार वित्तीय विवरण तयार गर्दा वित्तीय अवस्थाको विवरणमा प्रस्तुत गरिएको आर्थिक वर्षमा भएको किताबि मुल्य (Carrying Amount) लाई यस वित्तीय विवरणमा प्रस्तुत भएका आ.व.हरुको प्रारम्भिक लागत मानी लेखांकन गरिएको छ ।

सहकारी संस्थाका विभिन्न प्रकृतिका सम्पत्ति, प्लान्ट तथा उपकरणहरुको अनुमानित जम्मा उपयोग अवधि निम्नबमोजिम आँकलन गरिएको छ :

| सम्पत्ति | अनुमानित उपभोग अवधी |
|---|---|
| अफिस फर्निचर | १० बर्ष |
| कम्पुटर तथा अफिस उपकरण | ५ वर्ष |
| अन्य सम्पत्ति | १० वर्ष |

**ह्रास कट्टी**

संस्थाले सम्पत्ति, प्लान्ट तथा उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समय वा अनुमानित आयुको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । यस बर्ष खरिद गरिएका सम्पत्तिहरुलाई खरिद गरिएको विजक मिति बाट आनुपातिक रुपमा ह्रासकट्टी हुने गरी लेखांकन गरिएको छ । साथै निसर्ग भएका सम्पत्तिहरुको सम्बन्धमा निसर्ग भएको मिति भन्दा अघिल्लो मितिसम्मको अवधिको लागि अनुपातिक रुपमा ह्रासकट्टी गरिएको छ ।

संस्थाले सम्पत्ति तथा उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर विधि (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । जग्गा जमिन गैर मुल्यह्रास सम्पत्ति भएकोले ह्रासकट्टी गरिएको छैन ।

**अपलेखन वा पहिचान खारेज**

जब सम्पत्ति, प्लान्ट तथा उपकरणको विक्री वा अपलेखन हुन्छ अथवा यसको प्रयोग वा अपलेखनबाट भविष्यमा कुनै स्थितिमा आर्थिक लाभहरू अपेक्षा गरिदैन, तब Carrying Amount लाई अपलेखन गरिन्छ । सम्पत्ती र उपकरणको अमान्यताबाट उत्पन्न हुने लाभ वा घाटा नाफा नोक्सान विवरणमा समावेश गरिन्छ । ह्रासकट्टी विधि, उपयोगी आयु र अवशिष्ट मूल्य (Salvage Value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र, यदि कुनै अनुमान परिवर्तन भएमा, सोको समायोजन सो बर्षदेखि गरिन्छ ।

**३.१२ गैर वित्तीय सम्पत्ति**

संस्थाबाट सदस्यहरुलाई प्रवाह भएको ऋणको व्याज तथा साँवा रकम समयमा नै प्राप्त नभएमा वा ऋणको शर्तहरुको पालना नभएमा कानुन बमोजिम सो ऋणमा सुरक्षणको रुपमा राखिएको सम्पत्तिलाई लिलाम विक्री गर्ने गर्दछ । यस प्रक्रियामा लिलाम विक्री नभएमा संस्था स्वयम्ले नै सकार गर्दछ । सो सकार गरेको सम्पत्तिलाई संस्थाले गैर वित्तीय सम्पत्तिको रुपमा लेखांकन गर्दछ । सो सम्पत्तिलाई सकार गरेको मितिमा NCRA मापदण्ड ३.७.१ बमोजिम तलका मध्ये कम रकममा मापन गरिन्छ :

क) धितोको प्रचलित बजार मुल्य, वा

ख) धितो सकार गर्ने अघिल्लो दिनसम्म असुल गर्नुपर्ने रकम

यदि धिताको बजार मुल्य बक्यौता असुली गर्नुपर्ने रकमभन्दा कम भएमा कम भएजति रकमलाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ । सो धितो सकार गरेको सम्पत्तिमा सकार गरेकै मितिदेखि शत–प्रतिशत नोक्सानी व्यवस्था गरिन्छ । सो सम्पत्ति संस्थाले ६ महिना पछि यथाशिघ्र विक्री गर्नेछ । यदि सो सम्पत्ति संस्थाले नै आफ्नै संस्थागत प्रयोजनमा प्रयोग गर्ने भएमा सम्पत्ति, प्लान्ट तथा उपकरणमा स्थानान्तरण गरिन्छ ।

N.L.P. & Associates C.O.P.NO.: 383 Regd. Auditor "B"

संस्थाले गैर वित्तीय सम्पत्ति अन्तर्गत हाललाई कुनै पनि सम्पत्ति धारण गरेको छैन ।

### ३.१३ आयकर

**चालु आयकर (Current Income Tax)**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक बर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस बर्षको नाफालाई आधार मानी सोमा आयकर ऐनले उल्लेख गरेको समायोजन गरि गणना गरिन्छ । विगत बर्षको कुनै थप कर दायित्व आएमा सो समेत यस अन्तर्गत समावेश गरिन्छ । स्रोतमा कट्टि गरिएको (TDS) करलाई भने अन्य दायित्वमा राखिएको छ ।

### ३.१४ सदस्यहरुबाट प्राप्त निक्षेप

संस्थाले आफ्ना सदस्यहरुबाट आबधिक (३ बर्षसम्मको) तथा अन्य सामान्य तथा नियमित खालका बचत खाताहरु संचालन गरि निक्षेप स्विकार गर्छ र खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । संस्थाले सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको नीति नियमको अधिनमा रहि बचत संकलन तथा फिर्ता कार्य गर्ने गर्दछ । यी लेनदेनहरू संस्थाको अभिलेखहरूमा रेकर्ड गरिएको छ, र परिणामस्वरूपको मौज्दात रकमलाई संस्थाको दायित्वको रूपमा लेखांकन गरिएको छ । यस आ.व को अन्त्यमा संस्थाले आफ्ना सदस्यहरुबाट १२ महिनासम्मको निक्षेप स्विकार गरेको छ ।

### ३.१५ व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contingent Liabilities)

सहकारी संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS for MEs को Section 14: Provisions and Contingencies को प्रावधान बमोजिम गर्ने गरेको छ । विगतका घटनाहरुको परिणामस्वरुप सहकारी संस्थाको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बहिर्गमन हुन्छ भने त्यसलाई व्यवस्थाका रुपमा लेखाङ्कन गरिएको छ ।

### ३.१६ आम्दानी लेखांकन (Revenue Recognition)

आय भनेको सहकारीको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसबाट इक्विटीका सहभागीहरूले योगदान पुऱ्याएको बाहेक इक्विटीमा बृद्धि हुन्छ । आम्दानीलाई प्राप्त वा प्राप्य प्रतिफलको उचित मुल्यमा लेखांकन गरिन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू संस्थामा प्रवाहित हुनेछन् र आम्दानीको भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानीको रुपमा लेखांकन गरिएको छैन । संस्थाको आय र आय मान्यताको आधारहरू निम्नानुसार छन्:

**१. ब्याज आम्दानी**

ब्याज आम्दानीमा सदस्यहरुलाई प्रदान गरिएको ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा कर्मचारीलाई प्रदान गरेको ऋणमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छन ।

N.L.P. & Associates Regd. Auditor "B" C.O.P.NO.: 383

ब्याज आम्दानी प्रभावी ब्याजदरको आधारमा लेखाङ्कन गरिन्छ । संस्थाले अव्यावहारिकको कारण EIR गणनामा सेवा शुल्क समावेश गरेको छैन जसका कारण EIR दर सदस्यहरुलाई प्रदान गरिएको दर सँग बराबर हुन्छ ।

### २. सेवा शुल्क

सेवा शुल्क EIR गणनाको अभिन्न अंग हो । यद्यपि सेवा शुल्क EIR गणना गर्दा समावेश गरिएको छैन किनकि यी सबै शुल्कहरु समावेश गरि प्रत्येक ग्राहकको लागि छुट्टै EIR गणना अव्यवहारिक देखिन्छ । सोहि अनुसार संस्थाले ऋण लगानी वा नविकरण गर्दा प्राप्त गरेको शुल्कहरुलाई प्राप्त भएकै बखत आम्दानी लेखाङ्कन गर्ने गरेको छ ।

### ३.१७ ब्याज खर्च

सदस्यहरु बाट संकलित निक्षेपहरू तथा बाह्य ऋणमा प्रभावी ब्याजदरको आधारमा ब्याज खर्च लेखाङ्कन गरिन्छ । निक्षेपमा ब्याज गणना दैनिक रुपमा गरिन्छ र संस्थाको नियम अनुसार आवधिक रुपमा सदस्यलाई भुक्तानी गरिन्छ ।

### ३.१८ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारी संस्थालाई प्रदान गरेको सेवाबापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँदछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् ।

### १. अल्पकालीन प्रकृतिका कर्मचारी खर्च

अल्पकालीन प्रकृतिका कर्मचारी सुविधाहरू ती लाभहरू हुन् जुन १२ महिनापछि पूर्ण रूपमा भुक्तानी हुने आशा गरिन्छ र त्यसैले कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको अवधिमा खर्चको रूपमा लेखांकन गरिन्छ । अल्पकालिन अवधिको कर्मचारी खर्च अन्तर्गत ज्याला, तलब, भत्ता, बोनस तथा अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश गरिन्छ ।

संस्थाले नाफामा आधारित बोनस व्यवस्था संचालक समितिको निर्णय अनुसार सहकारी ऐन तथा बोनस ऐनको अधिनमा रहि गर्ने गरेको छ ।

### २. दीर्घकालीन प्रकृतिका कर्मचारी खर्च

संस्थाको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष, बिदा बापतको भुक्तानी आदि तथा कर्मचारीले स्वेच्छिक रुपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरु दीर्घकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन् । संस्थाले कुनै पनि दीर्घकालीन प्रकृतिका कर्मचारी खर्च तथा सुविधाहरु प्रदान गरेको छैन ।

### ३.१९ अन्य खर्चहरु

सम्बन्धित अवधिको लागि भएका अन्य खर्चहरुलाई खर्च भएको अवधिमा आय विवरणमा लेखांकन गरिएको छ । ति खर्चहरुलाई प्रोदभावी आधारमा विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिन्छ ।

### ३.२० लीजहरु (पट्टा)

सहकारी संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NAS for MEs को प्रावधान बमोजिम वित्तीय पट्टा (Finance Lease) र सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत देखाइन्छ ।

N.L.P. & Associates C.O.P.NO.: 882 Regd. Auditor "B"

सो प्रावधान बमोजिम सञ्चालन पट्टाअन्तर्गत पट्टा अवधि भरका लागि गरिने सम्पूर्ण भुक्तानीलाई सो अवधिमा समदर रुपमा (Straight Line) खर्च लेखाङ्कन गरिन्छ ।

**पट्टाको वर्गीकरण तथा मापन**

स्वामित्वसँग सम्बन्धित प्रायः सबै जोखिम र प्रतिफलहरु हस्तान्तरण हुने पट्टालाई वित्तीय पट्टा (Finance Lease) तथा सबै जोखिम र प्रतिफलहरु हस्तान्तरण नहुने पट्टालाई सञ्चालन पट्टा (Operating Lease) मा वर्गीकरण गरिन्छ । हाल संस्थाले आफ्नो भवनको केहि अंश निश्चित अवधिको लागी पट्टामा प्रदान गरेको छ, जसलाई सञ्चालन पट्टा अन्तर्गत वर्गीकरण गरिएको छ । संस्थाले सञ्चालन पट्टा अन्तर्गतको पट्टा अवधि भरका लागि प्राप्त हुने सम्पूर्ण भुक्तानीलाई सो अवधिमा समदर रुपमा (Straight Line) आम्दानी लेखाङ्कन गर्दछ ।

## ३.२१ विदेशी मुद्रा अनुवाद

वित्तीय विवरण नेपाली रुँपैयामा प्रस्तुत गरिएको छ ।

सहकारीको यस आ.व.मा यस प्रकारको कारोवार भएको छैन र ऐन नियम बमोजिम संस्थाले विदेशी मुद्रामा कारोवार गर्न पाइदैन ।

## ३.२२ शेयर पूँजी तथा कोषहरु

### शेयर पूँजी

इक्विटीलाई संस्थाको कुल सम्पत्तिमा सम्पूर्ण दायित्व घटाए पछि अवशिष्ट रकमको रूपमा परिभाषित गरिएको छ । NAS for MEs बमोजिम सदस्यहरुको सहकारी संस्थामा रहेको शेयर वा उस्तै उपकरणलाई देहायको अवस्थामा मात्र इक्विटीको रुपमा मान्यता दिइन्छ :

- संस्थासँग सदस्यहरुको शेयर फिर्ता (Redemption) गर्न अस्वीकार गर्ने शर्तविहिन अधिकार छ ; वा
- स्थानिय कानुन, नियम वा संस्थाको विधानद्वारा फिर्ता गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।

सहकारी ऐनको दफा ६४ तथा नियम २४ बमोजिम संस्थाको सदस्यहरुले सदस्यता त्याग गरि रकम फिर्ता गर्न चाहेमा निजको शेयर रकम आ.ब. लेखापरीक्षण पारित भएको मितिले ३० दिन भित्र फिर्ता गर्नुपर्ने हुन्छ । सो बमोजिम संस्थाको शेयर पूँजी दायित्वको रुपमा मान्यता दिनुपर्ने देखिन्छ । फिर्ता गर्नुपर्ने प्रकृति (Puttable Nature) भएपनि अन्य सबै इक्विटि शर्तहरु प्रस्तुत हुने भएकोले संस्थाले NFRS for SMEs को दफा २२ को उपदफा २२.४(क) को विशेष व्यवस्था अवलम्बन गरि बमोजिम इक्विटिमा नै वर्गीकरण गरेको छ ।

### वैधानीक कोषहरु (Statutory Reserves)

संस्थाले सहकारी ऐन तथा नियमावलीको अधिनमा रहि यस बर्ष भएको करपछिको मुनाफा रकमलाई निम्नानुसार विभिन्न कोषहरुमा बाँडफाँड गरेको छ ।

संस्थाको आयकर पछिको नाफाबाट पाकेको तर पाउनबाँकी ब्याजको रकम ब्याज मुल्तबी कोषमा लगिएको छ । सहकारी ऐनको दफा ६८ बमोजिम आ.ब.को खुद बचतको कम्तीमा २५% रकम बाँडफाँड गर्नुपर्ने हुन्छ तथापी पाउन बाँकी ब्याज रकम कोषहरुमा बाँडफाँड गर्दा जोखिम हुने भएकोले संस्थाले सोको समायोजन पछिको आम्दानीलाई वितरणयोग्य नाफाको रुपमा पहिचान गरेको छ । त्यसपछिको ऐन बमोजिम वितरण योग्य नाफाको २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन २०७६ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्बद्धन कोषमा ०.५% बाँडफाँड

C.O.P.NO.: 383
N.L.P. & Associates
Regd. Auditor "B"

गरिएको छ । बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६ साथै विनियमको व्यवस्था अनुसार देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| कोषहरु | प्रतिशत/रकम |
|---|---|
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यवस्थान कोष | ५% |
| शेयर लाभांश कोष | बाँकी |

संस्थाको साधारण सभाले निर्णय गरेको अवस्थामा स्थिरीकरण कोषमा नियमानुसार बाँडफाँड गरि सम्बन्धित कोषमा दाखिला गर्ने संस्थाको नीति रहेको छ ।

जगेडा कोषमा माथी उल्लेखित रकम बाहेक निम्न रकमहरु समेत लेखांकन गर्ने नीति रहेको छ :

(क) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ख) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त लाभ रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम सहकारी ऐन तथा नियमावली बमोजिम सदस्यहरुलाई कारोबारको आधारमा वितरण गरिन्छ । वितरण नभएमा जगेडा कोषमा रकमान्तर गरिन्छ । संस्थाले शेयर लाभांश कोषमा छुट्याएको रकमबाट मात्रै शेयर लाभांश वितरण गर्ने गरेको छ । सहकारी प्रर्वद्धन कोषमा छुट्याईएको रकमलाई मन्त्रालयमा रहेको कोषमा दाखिला गर्नुपर्ने कानुनी दायित्व रहेकोले संस्थाले सो कोषको रकमलाई दायित्वको रुपमा वर्गीकरण गरेको छ । अन्य कोषहरुमा रहेको रकम संस्थाले सो सँग सम्बन्धित कार्यक्रमहरुमा संस्थाको नीति बमोजिम खर्च गर्ने गरेको छ । सो अन्य कोषहरुमा बाँकी रकमहरु मध्ये संचालक समितिको निर्णय बमोजिम जगेडा कोषमा रकमान्तर गर्ने गरेको छ ।

संस्थाले वितरणयोग्य नाफामा गणनामा समायोजन गरेको ब्याज मुल्तवी लाई प्राप्त भए पश्चात् मात्रै वितरणयोग्य नाफामा रकमान्तर गर्ने नीति राखेको छ ।

**अन्य कोषहरु**

माथि उल्लेखित कोषहरु बाहेक निम्नानुसारका अन्य कोषहरु समेत रहने छन् ।

**ब्याज मुल्तबी कोष (Interest Suspense Reserve)**

NAS for MEs बमोजिमको लेखा नीति अपनाउने क्रममा ब्याज आम्दानीको लेखाकंन सम्बन्धमा विद्यमान लेखानीतिबाट फरक नीतिका कारण उत्पन्न हुने रकमहरुको कोष ब्याज मुल्तबी कोष हो । यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाइदैन । यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज बापतको रकम पर्दछन् । संस्थाले ब्याज प्राप्त गरेको अवस्थामा मात्रै यस् कोषबाट वितरणयोग्य नाफामा रकमान्तर गरि वैधानीक कोषहरुमा बाँडफाँड गरिन्छ ।

**अन्य NAS समायोजन कोष**

यसमा NAS for MEs लागु गर्दाको अन्य असरहरुलाई लेखांकन गरिएको छ ।

N.L.P. & Associates C.O.P.NO.: 383 Regd. Auditor "B"

## ५. प्रस्टीकरण तथा थप जानकारीहरु

### ५.१. जोखिम व्यवस्थापन

विशेष गरि संस्थाले आफ्ना सदस्यहरुलाई वित्तीय सेवाहरु प्रदान गर्दछ । यस प्रकारका सेवाहरुमा विभिन्न जोखिमहरु रहेका हुन्छन् । त्यसैले, वर्तमान र सम्भावित भविष्यका जोखिमहरूको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न संस्थाले पर्याप्त नियन्त्रण प्रणाली अवलम्बन गरेको छ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू आवश्यक छन् । लेखा सुपरीवेक्षण समिति क्रेडिट जोखिम (Credit Risk), संचालन जोखिम (Operating Risk), बजार जोखिम (Market Risk), तरलता जोखिम (Liquidity Risk) र प्रविधीगत जोखिम (Technological Risk) पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न जिम्मेवार छ । लेखा सुपरीवेक्षण समितिले संस्थाको समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्नेछ । साथै क्रेडिट जोखिम व्यवस्थापनको लागी संस्थाले ऋण उपसमिति गठन गरेको छ ।

### ५.२. सम्बन्धित व्यक्तिसँगको कारोबार

यस आर्थिक बर्षमा संस्थाका संचालक, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति तथा प्रमुख व्यवस्थापनको रुपमा कार्यरत व्यक्तिहरुलाई सम्बद्ध व्यक्तिको रुपमा लिएको छ ।

आर्थिक बर्ष २०८२.८३ मा सम्बद्ध व्यक्तिहरुको विवरण निम्न बमोजिम रहेको छ ।

#### क. सञ्चालक समिति

| क.सं. | सञ्चालकको नाम | पद |
|---|---|---|
| १ | रवि प्रसाद सिग्देल | अध्यक्ष |
| २ | चुरामणि पन्थ | उपाध्यक्ष |
| ३ | बिष्णु नेपाल | सचिव |
| ४ | चिन्तामणी तिमिल्सीना | कोषाध्यक्ष |
| ५ | आस कुमारी घले | सदस्य |
| ६ | भुवन श्रेष्ठ | सदस्य |
| ७ | देवि माया आचार्य सापकोटा | सदस्य |

#### ख. लेखा सुपरिवेक्षण समिति

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | तारा नाथ अर्याल | संयोजक |
| २ | विद्या श्रेष्ठ | सदस्य |
| ३ | बिजया भट्टराई सुबेदी | सदस्य |

#### प्रमुख व्यवस्थापन व्यक्ति उषा कुमारी (व्यवस्थापक)

सम्बद्ध व्यक्तिहरुलाई गरिएको आर्थिक भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ :

| क.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सञ्चालक समिति भत्ता | ८४,००० |

| | | |
|---|---|---|
| २ | लेखा समिति भत्ता | १२,००० |
| ३ | प्रमुख व्यवस्थापन व्यक्तिको तलव तथा भत्ता | ३६९,५१६.३४ |
| ४ | समिति सदस्यहरु तथा एकाघर सदस्यको बाँकी ऋण रकम | २,९२६,०१३.३६ |
| ५ | प्रमुख व्यवस्थापन व्यक्तिको बाँकी ऋण रकम | ३,५०,०००.०० |

**५.३. अनुगामी घटना (Subsequent Events)**

वित्तीय विवरणको मिति पछाडी र वित्तीय प्रतिवेदन प्रमाणित गर्ने मितिभन्दा अगाडी घटेका घटनाहरुलाई अनुगामी घटनाको रुपमा लिईएको छ । अनुगामी घटनाहरु समायोजन योग्य वा समायोजन गर्नुनपर्ने तर खुलासा गर्नुपर्ने किसिमका हुन सक्दछन् ।